# वन तथा जलाधार व्यवस्थापन नीति, २०७५

(मस्यौदा)

प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा

श्रावण २०७५

गण्डकी प्रदेश / उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# वन तथा जलाधार व्यवस्थापन नीति, २०७५(मस्यौदा)

## १ . पृष्ठभूमी

१.१ नेपालको संबिधान (२०७२) बमोजिम नेपालको राज्य शक्ती संघ, प्रदेश र स्थानिय गरी तीन तहमा बाँडिएको छ । विगतको एकात्मक राज्यप्रणालीमा निहीत अधिकार हाल आएर तिन तहका एकल र साझा अधिकार सुची गरी संबिधानको अनूसुचि ५ देखी ९ मा ब्यवस्था गरीएको छ ।संबिधानको यसै अधिकार क्षेत्रभित्र रहेर प्रदेश सरकारले केन्द्र सरकारको नीति अनुरुप आ-आफ्नो प्रदेशमा आवश्यक नीति निर्माण गर्न सक्ने व्यवस्था भएको छ ।

१.२ संबिधानको धारा ३० ले प्रत्येक नागरीक लाई स्वच्छ र स्वस्थ्य वाताबरणमा बाँच्न पाउने विषययलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ ।त्यसै गरी नेपालको संविधानको धारा ५१ मा प्राकृतिक स्रोतको सरक्षण, सम्वर्धन र उपयोग सम्वन्धि नीतिमा देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने उल्लेख छ । त्यसैगरि, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने; वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने; प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्वन गर्ने र वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने नीतिहरु रहेका छन ।

१.३ नेपालको संविधानको अनुसूचि ६ मा प्रदेशको एकल अधिकार अन्तर्रगत प्रदेश भित्रको राष्ट्रिय वन तथा वातावरण ब्यवस्थापन रहेको छ भने अनुसूचि ७ मा संघ र प्रदेशको साझा अधिकार सूचि अन्तर्रगत प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण र जैबिक विविधता रहेको छ । त्यसै गरी संघ, प्रदेश र स्थानिय तहको अधिकारको साझा सूचिमा वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण तथा जैविक विविधता रहेका छन् ।यसरी प्रदेशले संघ र स्थानीय तह संग समन्वय गरी कार्यान्वयन गर्ने प्राबधान छ ।

१.४ नेपाल सरकारबाट स्वीकृत कार्य बिस्तृतिकरण प्रतिबेदन र प्रदेश सरकारको (कार्यविभाजन) नियमाबली, २०७४ ले प्रदेश सरकारको कार्य जिम्वेवारीहरुमा प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने, प्रदेश भित्र भू-स्खलन नियन्त्रण, जलाधार संरक्षण, जैविक विविधताको संरक्षण, अध्ययन, अनुसन्धान ब्यवस्थापन, नियमन एबं लाभांशको बाँडफाँड, वन्यजन्तु र वनपैदावार ओसार पसार सम्बधि नियमन र अपराध नियन्त्रण, संरक्षण क्षेत्र र चरन क्षेत्रको को ब्यवस्थापन, वन अतिक्रमण र डढेलो नियन्त्रण, वन सूचना सेवा प्रवाह, बृक्षारोपण र संभार, संरक्षण क्षेत्र पहिचान र ब्यवस्थापकिय पद्धति निर्धारण, जडिबुटि तथा गैह्रकाष्ठ वन पैदावार सम्वन्धि ब्यवस्थापन आदी विषय प्रदेशको जिम्बेवारी भीत्र पर्दछन् । यिनै जिम्वेवारीलाई ब्यवस्थीत गर्न यो नीतिको तर्जुमा गरीएको छ ।

## २. वन क्षेत्रको स्थिति

२.१ नेपालको करिब ४४.७४ प्रतिशत (६६ लाख १० हजार हेक्टर) भू-भागमा फैलिएको वनक्षेत्र सबै भन्दा ठूलो प्राकृतिक स्रोत हो । वनक्षेत्रले सर्वसाधारणको जिविकोपार्जनको लागी आवश्यक काठ, दाउरा, जडीबुटी, घासपात तथा गैह्रकाष्ठ वन पैदावार जस्ता आधारभूत वस्तु र सेवा प्रदान गर्दै आएको छ भने यो क्षेत्र कृषि, उद्योग, जलस्रोत, पर्यटन जस्ता आर्थिक समृद्धिका क्षेत्रहरुको मेरुदण्डको रुपमा रहि आएको छ । मुलुकको ग्रामिण क्षेत्रमा करिब ७०% प्रतिशत जैबिक इन्धन र ४०% पशुआहार को स्रोत पनि वनजंगल र रुखविरुवा नै रहि आएको छ ।

२.२ नेपालको सामुदायीक वन र सामुदायमा आधारीत वन ब्यवस्थापन पद्धति विश्व प्रसिद्ध छन् । नेपालमा २२,२६६ वटा सामुदायीक वन मार्फत करिव २२ लाख हेक्टर, ७,४८४ वटा कवुलियति वन मार्फत करिव ४३ हजार हेक्टर, ३६ वटा धार्मिक वन मार्फत करिव २ हजार हेक्टर वन र २,४५८ नीजि वन मार्फत करिव २३ सय हेक्टर वन क्षेत्र ब्यवस्थित भइ करिव ३० लाख घरधुरी लाभान्वित भएका छन् । त्यसैगरी तराईको ३० वटा साझेदारी वनबाट करिव ७६ हजार हेक्टर वनबाट करिव ९ लाख घरधुरी लाभान्वित भएका छन् भने बिभिन्न जिल्लाहरुमा करिव १ लाख हेक्टर वनको बैज्ञानिक ब्यवस्थापन गरि बार्षिक ३२ लाख क्यु. फीट काठ उत्पादन भएको रेकर्ड छ । नेपालको कूल भू-भागको २३.३९% भु-भाग संरक्षित क्षेत्रले ढाकेको छ जसमा विश्व प्रसिद्ध बाघ, गैंडा, हात्ति, हिउं चितुवा लगायतका वन्यजन्तु, वन, वनस्पति र जैविक विविधताको संरक्षण सम्बर्धन, पर्यापर्यटन प्रवर्धन र मध्यवर्ती क्षेत्रका बासीन्दाको जिवनस्तरमा सुधार हुदै आएको छ । नेपालको भू-धरातल कोशी, गण्डकी, कर्णाली, महाकाली गरी चार वटा बृहद जलाधार क्षेत्रभित्र पर्दछ । यिनै बृहद जलाधार क्षेत्र भित्र ६ हजार भन्दा बढी नदी नालाहरु र करिब २ हजार उप-जलाधार क्षेत्रहरु छन् ।

२.३ गण्डकी प्रदेशको कुल भूभागको करिब ४६% संरक्षित क्षेत्रले ढाकेको छ भने करिव ३७% भू-भाग बनले ढाकेको छ । नेपालको कुल वनक्षेत्रको करिव १२.८% वनक्षेत्र गण्डकी प्रदेशमा पर्दछ । बनले ढाकेको क्षेत्रफलको आधारमा गण्डकी प्रदेशका १२ वटा स्थानीय तहमा ३०% भन्दा कम भू-भाग वनले ढाकेको, १२ वटा स्थानीय तहमा ६०% भन्दा बढि क्षेत्र बनले ढाकेको छ भने अरु बाँकि स्थानीय तहमा कुल भू-भागको ३१ देखि ५९% वनले ढाकेको क्षेत्र पर्दछ । एक महानगरपालीका, २६ नगरपालीका र ५९ गाँउपालीकामा गरि करिब २४ लाख जनसंख्या भएको गण्डकी प्रदेश वन तथा जलाधार स्रोत सम्पदाको दृष्टिकोणले राष्ट्रिय र अन्तरराष्ट्रिय महत्वको प्रदेश हो । प्रदेशको कुल वनक्षेत्र मध्ये ७७% गाँउपालीकाहरुमा, २०.४% नगरपालीकाहरुमा र २.५ % महानगरपालीका क्षेत्रमा रहेको छ । प्रदेशका प्रमुख जलाधारहरुमा सेती, काली, मादी, मर्स्यांगदि, दरौदी, नारायणी, बुढीगण्डकी, आँधिखोला आदी पर्दछन् । यस प्रदेशमा एक जैविक विविधता उद्यान, एक निर्माणाधिन चिडियाखाना, अन्नपुर्ण संरक्षण क्षेत्र, मनासलु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र र पंचासे संरक्षित वन पर्दछन् । पोखरा उपत्यकाका नौ तालहरुको समुहलाई रामसार सुचिमा सुचिकृत गरिएको छ। पर्यटन, जलस्रोत, कृषि उद्योग, वन तथा जलाधार यस प्रदेशका प्राथमिकताका क्षेत्र रहेका छन् ।

## ३. विगतका प्रयासहरु

३.१ सन् २०१५ को वन श्रोत सर्वेक्षण अनुसार वनले ढाकेको क्षेत्र कूल भू-भागको साविकमा ३९.६ प्रतिशतवाट वढेर हाल ४४.५ प्रतिशत पुग्नुमा वन क्षेत्रमा गरिएका नितिगत र कानुनी, सुधार तथा स्थानीय तहका जन समुदायहरुको महत्वपूर्ण योगदान स्वरुप भएको मानिन्छ । नेपालले अवलम्वन गरेको समुदायमा आधारित वन तथा संरक्षित क्षेत्र व्यवस्थापन, देशका महत्वपूर्ण संवेदनशिल जलाधार क्षेत्रहरुको पहिचान, वर्गिकरण गर्दै एकिकृत भू तथा जलाधार व्यवस्थापनको सिद्धान्त अवलम्म्वन गर्दै एकिकृत प्राकृतिक श्रोतहरुको व्यवस्थापन मार्फत वातवरणीय संतुलनमा टेवा पुगेको छ । करिव आधा नेपाल ढाक्ने वनक्षेत्र बाट समृद्धि हासिल गर्न वि.सं. २०५९ मा "संबृद्धिका लागी वन" को अबधारणा स्विकृत गरी लागु भएको छ । जस अनुसार वनको दिगो एवं बैज्ञानिक ब्यवस्थापन, वन पैदावार र सेवाको सदुपयोग, वन स्रोतको ब्यवशायीकरण र बजारीकरण तथा वन क्षेत्रमा सुशासन लगायत उपयुक्त बातावरणको सृजना गर्ने रहेको छ ।

३.२ वन नीति, २०७१ ले वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने दुरदृष्टि लिएको छ । दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने, वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण गर्ने, जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने, समुदायद्वारा व्यवस्थित वनलाई पारिस्थितिकीय, आर्थिक र सामाजिक रुपले सक्षम वनाउँदै लाभको न्यायोचित बाँडफाँड गर्ने, वनजन्य उद्यमको प्रबर्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्ने, जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्वन गर्ने र वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रबर्धनका लागि व्यवस्थापनलाई थप सक्षम वनाउने नीतिहरु रहेका छन् ।

३.३ वन क्षेत्रको रणनीति, २०७२ ले वन व्यवस्थापन, पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षण एवं व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जलाधार व्यवस्थापन, वन उद्यम प्रबर्धन र आर्थिक विकास, क्षमता विकास एवं संस्थागत सहकार्य अभिवृद्धि र वन क्षेत्रको सूचना उपयोग एवं व्यवस्थापनलाई समेटेको छ । नेपालको १४ औ योजनामा वन, वनस्पति, वन्यजन्तु, जडीबुटी, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्बर्धन, व्यवसायीकरण र सदुपयोगद्वारा रोजगारी सिर्जना गर्ने तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणाली बीच सन्तुलन कायम गर्ने लक्ष्य लिइएको छ ।

३.४ नेपालको राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्यान्वयन योजना (सन् २०१४-२०२०) ले संरक्षित क्षेत्रको व्यवस्थापन, संरक्षित क्षेत्र वाहिर जैविक विविधताको व्यवस्थापन, खर्कको जैविक विविधताको व्यवस्थापन, सीमसार क्षेत्रको जैविक विविधताको व्यवस्थापन, पर्वतीय क्षेत्रको जैविक विविधताको व्यवस्थापन, कृषि जैविक विविधता व्यवस्थापन गरी ६ वटा विषय र १५ अन्तर विषयगत क्षेत्र समेटिएका छन् । "पर्यावरणीय रुपले सन्तुलीत र आर्थिक रुपले सम्वृद्ध चुरे तराई मधेश भू-परिधी" भन्ने दूर दृष्टिका साथ २० वर्षे चुरे, तराई, मधेश संरक्षण र व्यवस्थापन गुरुयोजना,

२०७४ गुरुयोजनाले चुरे क्षेत्रको प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा पर्यावरणीय सेवाको सुदृढीकरण गर्दै सम्वृद्धी र गरिवी न्यूनीकरणमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ ।

३.५ जलवायु परिवर्तन नीति, २०६७ ले राष्ट्रिय अनुकूलन कार्यक्रमलाई विकास एजेण्डाको रुपमा कार्यान्वयनमा ल्याउन र जलवायु परिवर्तन सम्बन्धि सवै प्रकारका स्थलगत कार्यक्रमहरु कार्यान्वयन गर्दा कूल वजेटको न्यूनतम ८०% भन्दा बढी रकम स्थानीय स्तरमा पुऱ्याउन, सामाजिक तथा आर्थिक विकासका लागि प्राकृतिक स्रोतको व्यवस्थापनलाई जलवायुमैत्री एवम् पूर्वाधार विकासलाई जलवायु समानुकूलन वनाउन जोड दिएको छ ।

३.६ नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ ले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदुषण सिर्जना हुन नदिने र तोकिएको मापदण्ड विपरित फोहर मैला निष्कासन हुन नदिने, वातावरण संरक्षण र बिभिन्न श्रोत र किसिमहरुबाट हुने जल, स्थल, वायु र अन्य प्रदूषण रोक्न संघ, प्रदेश र स्थानीय तहहरुबाट जारी कानूनहरुको कडाईका साथ पालना र कार्यान्वयन गर्ने र प्रदूषणको रोकथाम नियन्त्रण, हरियाली प्रबर्धन तथा वातावरण संरक्षणका लागि विज्ञान प्रविधिको प्रयोग र सफल अभ्यासहरु समेतको आधारमा क्रियाकलापहरु अगाडी बढाउने कार्यक्रम अगाडी सरेको छ ।

## ४. चुनौतिहरु

४.१ राष्ट्रिय समस्याकै रुपमा रहेको वन अतिक्रमण, चोरी कटान, चोरी सिकार, अब्यवस्थीत वसोवास, बाढी, पहिरो, भू–क्षय र वन क्षेत्रको क्षयिकरण जस्ता समस्या बाट यो प्रदेश अछुतो छैन । तराई भागमा वन क्षेत्र अतिक्रमण, मध्यपहाडी भेगमा वन डढेलो, खोरिया फडानी, ढूङ्गा, गिट्टि, बालुवाको अत्यधिक दोहन र हिमाली भेगमा जडिबुटिको दोहन जस्ता समस्या यो प्रदेशमा छन् ।

४.२ गण्डकी प्रदेश नदिनाला, ताल, हिमताल र वन क्षेत्रमा धनी भएर पनि वनको दिगो एबं बैज्ञानीक ब्यवस्थापनमा यथेष्ट ध्यान पुग्न नसकेका कारण अतिक्रमण र भूक्षयको चपेटामा परेको छ । काष्ठजन्य पैदावारको उत्पादनको अभाव छ ।पोखरा लगायत प्रमुख शहरहरुमा आयातित काठ र फलाम तथा एल्मोनियम को प्रयोग बढ्दै गएको छ । काष्ठजन्य पैदावारको उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धन गर्नु चुनौतिपूर्ण छ ।

४.३ बिज्ञान र प्रविधिको न्यून प्रयोग भएका कारण वनको हैसियत र पैदावारको गुण स्तरमा सुधार आउन सकिरहेको छैन । निमार्ण मूखि काठ दाउराको उपचार गरी टिकाउ वनाउन र फारु हुने गरी काठको प्रयोग गर्ने प्रविधिको प्रयोग गरी काठजन्य उद्योग प्रवर्धन गर्नु पनि चुनौतिपूर्ण छ ।

४.४ वनको प्रकार अवस्था, ब्यवस्थापनको उद्देश्य र ब्यबसायिकरणको संम्भाव्यताका आधारमा वन सुहाउँदो दिगो एबं बैज्ञानिक वन ब्यवस्थापकिय पद्धतिको पहिचान, बिकास र प्रयोगको अभावमा काष्ठ, गैह्रकाष्ठ वन पैदावारको उत्पादन बृद्धि, जलाधारको एकिकृत संरक्षण तथा वातावरणीय सेवा र सो बाट प्राप्त हुने लाभको बृद्धि गर्न सकिएको छैन ।वन प्राविधिक तथा सरोकारवाला एबं

ब्यवस्थापनमा सहभागी हुने समुदायहरुको प्राविधिक र ब्यवसायीक क्षमता तथा दक्षता बृद्धि गर्न नितान्त जरुरी छ ।

४.५ विभिन्न बाहानामा ब्यक्ति विशेषले वा संघ संस्था वा बिकास आयेजनाहरुबाट विगत देखी हुदै आएको वन अतिक्रमण, वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्ने प्रबृतिलाई निरुत्साहि गरी अतिक्रमित वन क्षेत्रलाई पुनः प्राप्त गरी वनको पुनरुत्पादन गर्ने कार्य चूनौतीपूर्ण छ । साथै चितुवा, बाँदर, हात्ती, दुम्सी, जस्ता वन्यजन्तुबाट सृजना हुने मानव-वन्यजन्तु द्धन्द र चोरी सिकार नियन्त्रण गर्ने कार्य जोखिमयूक्त छ ।

४.६ वन पैदावार (विषेश गरी काठ, दाउरा, खोटो, जडिवुटि र नीजि आवादीको काठ दाउरा) को संकलन ओसार-पसार र बिक्रिबितरण लाई सरल र पारदर्शी वनाई वन पैदावारको मूल्य स्थिर राख्न र सुशासन प्रबर्धन गर्न आबस्यक छ ।

४.७ प्रदेश भित्रका नदीनाला, सार्बजनिक जग्गा, भिर, पाखाबाट अनियन्त्रीत र अत्याधिक दोहन हुदै आएको ढुंगा, गिट्टि, बालुवा, माटो जस्ता वन र नदीजन्य प्राकृतिक संपदाको ब्यवस्थापन र नियमन गर्ने कार्य एबं ग्रामिण बिकासका नाँउमा जथाभाबी विना योजना र मापदण्ड र वातावरणीय अध्ययन विना डोजर लगाई गरीने भू-स्लखन को रोकथाम अति आबस्यक छ ।

४.८ प्रदेशको बिकासको महत्वकांक्षा, भौगौलिक संबेदनशिलता एबं वातावरणीय जोखिमका बिच महत्वपुर्ण जलाधार, सिमसार र वन क्षेत्रको संरक्षण गर्दै विपद जोखिम न्यूनिकरण गरी दिगो विकास र समृद्धिका लक्ष हाँसिल गर्न जरुरी छ ।

## ५. अवसरहरु

५.१ दीगो एवं बैज्ञानीक ब्यवस्थापनका माध्यमले प्राप्त हुने काठजन्य वन पैदावारको उत्पादन, उपचार, प्रसोधन, उत्पादन विविधिकरण र बजारीकरण गर्दै वन उद्यम को विकास, रोजगारी प्रवर्धन र आर्थिक बृद्धि गर्ने प्रचुर संभावना छ । त्यसैगरी गण्डकी प्रदेशका महत्वपूण जडिवुटी र गैह्रकाष्ठ वन पैदावारको खेति प्रवर्धन गरी प्रशोधन र बजारीकरण गर्दै स्थानिय तहमा रोगजारी, आय आर्जन गर्दै प्रदेशको संबृद्धिमा योगदान गर्न सकिने अवसर छ ।

५.२ गण्डकी प्रदेश पर्यटकीय प्रदेश भएकोले संघ र स्थानिय तहको समन्वयमा संरक्षित क्षेत्र, संरक्षण क्षेत्र, संरक्षीत वन, चिडियाखाना, जैविक विविधता उद्यान, सिमसार, ताल तलैया र भू–दृष्ययुक्त क्षेत्रको संरक्षण ब्यवस्थापन गर्दै प्याराग्लाइडिङ्ग, होमस्टे, पदयात्रा, दृष्यावलोकन जस्ता प्राकृतिक, संस्कृतिक, जैविक पर्यटन ब्यवसाय प्रवर्धनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा टेवा पुग्ने छ ।

५.३ सिंचाइ तथा कृषि मजदूरको अभावमा बांझो हुदै गएका पहाडी जिल्लाका खेतवारीमा तथा सामुदायीक र कबुलीयति वन क्षेत्रमा जडिबुटि खेति, पशुपालन, अलैची, फलफुल उत्पादन जस्ता कृषि-वनवाली बिकासका संभावना छन् भने नदी एबं ताल, तलैया र सिमसार क्षेत्र को बुद्धिमत्ता पूर्ण उपयोग र पर्यटन प्रवर्धन गरी जिविकोपार्जनमा टेवा पुर्याउन सकिन्छ ।

५.४ गण्डकी प्रदेश जलस्रोतको भण्डार र जलविद्युत बिकासको प्रचुर संभावनाको क्षेत्र भएकोले जलस्रोतको उपयोग गर्ने जलविद्युत, सिंचाई, पर्यटन, माछापालन आदी उद्योग बाट वातावरणीय सेवा वापत शुल्क लिइ प्रदेशको जलाधार र वन क्षेत्रहरुको ब्यवस्थापनमा खर्च गर्न सकिने छ ।

५.५ यो प्रदेश वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, र जलवायु परिवर्तन सम्बन्धि अध्ययन, अनुसन्धान र आविश्कार को लागी राष्ट्रिय र अन्तराष्ट्रिय महत्वको खुला विश्वविद्यालयको रुपमा विकाश गर्न सकिने संभावनायूक्त प्रदेशको रुपमा अवस्थित छ ।

५.६ गण्डकी प्रदेशमा शहरी जलाधार, शहरी वन, समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन, वन कार्वन व्यापार, पर्यावरणीय सेवाको भुक्तानी जस्ता कार्यक्रम संचालनको संभावना छ ।

## ६. नयाँ नीतिको आवश्यकता

६.१ नेपाल संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको अवस्थामा नेपालको संविधानले व्यवस्था गरेबमोजिम प्रदेशको अधिकार सूची तथा नेपाल सरकारको कार्यविभाजन नियमावली २०७४ बमोजिमका कार्यजिम्मेवारी पुरा गर्न प्रदेश सरकारले नयाँ वन तथा जलाधार नीति तयार गर्न आबस्यक भएको छ ।

६.२ वन तथा जलाधार क्षेत्रले गण्डकी प्रदेशको समृद्धिमा महत्वपूर्ण योगदान दिन सक्ने हँदा यस क्षेत्रको दिगो व्यवस्थापन गरी यसवाट प्राप्त हुने उत्पादन र वातावरणीय सेवाको बुद्धिमत्तापूर्ण उपयोग र प्राप्त लाभको न्यायोचित वितरणको माध्यमवाट स्थानिय तहमा वन पैदावारको आपुर्ति, रोजगारी सृजना र आय बृद्धि गर्दै प्रदेशको दिगो विकास र वातावरण बीच संतुलन कायम राख्न यो वन तथा जलाधार नीति २०७५ तर्जुमा गरिएको छ ।

## ७. नीति निर्माणका आधारहरु

यो नीती तर्जुमा गर्दा नेपालको संविधान र यसका अनुसूचिहरुमा भएको व्यवस्था, नेपाल सरकार कार्य विभाजन नियमावली २०७४, प्रदेश स्तरको नीति तथा कार्यक्रम २०७५/०७६ लाई मुख्य आधार मानिएको छ भनेविगतमा वन तथा जलाधार संरक्षणका क्षेत्रमा अबलंवन गरीएका नीतिगत प्रयास, असल अभ्यास र सिकाईको अध्ययन र विश्लेषण गरी सान्दर्भिक विषयलाई समेटिएको छ । त्यसैगरी प्रदेश स्तरमा सरोकारवालाहरुसंग गरिएको अन्तरक्रिया र वन क्षेत्रका विज्ञ, विशेषज्ञहरु बाट प्राप्त राय परामर्श समेतलाई समावेश गरिएको छ ।

## ८. नीतिको नाम र प्रारम्भ

८.१ यो नीतिको नाम गण्डकी प्रदेश वन तथा जलाधार नीति, २०७५ रहनेछ ।

८.२ यो नीति प्रदेशको वन तथा जलाधार क्षेत्रको मूल नीतिको रुपमा रहनेछ । यो नीतिले गण्डकी प्रदेशको वन, वनस्पती, वन्यजन्तु, जैविक विविधता, जलाधार लगायत वनस्रोतसंग सम्बन्धित विषय समेटिनेछ ।

८.३ यो नीति गण्डकी प्रदेश सरकार (मन्त्रीपरिषद्) बाट स्विकृत भएको मितिदेखी लागू हुनेछ ।

## ९. दूरदृष्टी

यो नीतिको दुरदृष्टि "दिगो एबं ब्यवस्थित वन र जलाधार सहितको समृद्ध गण्डकी प्रदेश" रहने छ ।

## १०. लक्ष्य

वन, वनस्पती, वन्यजन्तु, जैविक विविधता र जलाधारजन्य स्रोतको दिगो संरक्षण, ब्यवस्थापन र सदुपयोग गर्दे वन पैदावारको उत्पादनमा बृद्धि, सहज आपूर्ती र वातावरणीय सेवाको प्रवाह सुनिश्चित गर्दै प्रदेशको समृद्धि र दिगो विकास गर्ने प्रमुख लक्ष रहेकोछ ।

यो नीतिको परिमाणात्मक लक्ष्यहरु देहाय बमोजिम छन्, -

१०.१ प्रदेशको मौजुदा वनक्षेत्रलाई कायमै राखी उत्पादन र उत्पादकत्व बढाउंदै लैजाने ।

१०.२ वन क्षेत्रको प्रादेशीक गुरुयोजना बि.सं. २०७७ भित्रमा तयार गरी लागू गर्ने ।

१०.३ वन पैदावारको संकलन र बिक्रि बितरण गर्ने प्रादेशिक वन निगम बि.सं. २०७७ भित्रमा स्थापना गरी संचालन गर्ने ।

१०.४ संबेदनशिल एबं प्रदेश र राष्ट्रिय महत्वका वन तथा जलाधार क्षेत्रको पहिचान गरी बि.सं. २०८० भित्रमा सहभागितामूलक संरक्षण र दिगो ब्यवस्थापनको दायरामा ल्याउने ।

१०.५ वन तथा जलाधार क्षेत्रको दीगो ब्यवस्थापन, जडिबुटी लगायत काष्ठ र गैह्रकाष्ठ वन उद्यमको प्रबर्धनबाट बि.सं. २०८० सम्ममा चार लाख रोजगारी सृजना गर्ने ।

## ११. नीतिको प्रमुख उद्देश्यहरु

यो नीतिका उदेश्यहरु देहाय वमोजिम रहेका छन, -

१. गण्डकी प्रदेशमा रहेका वन, वनस्पति, वनयजन्तु, जैविक विविधता, जलाधार, सिमसार एबं चरन क्षेत्र लगायतका स्रोतको संरक्षण एवं दिगो व्यवस्थापन गर्ने ।

२. वन तथा जलाधार क्षेत्रको दीगो ब्यवस्थापन गर्दै वन पैदावारको उत्पादन र वनक्षेत्रको उत्पादकत्व बढाई प्रदेशलाई काठ दाउरामा आत्मनिर्भर बनाउने, वातावरणीय सेवाको प्रवाह

सुनिश्चीत गर्ने र त्यस्ता पैदावार र सेवाको सहज आपूर्ति र समन्यायीक बितरणको ब्यवस्था मिलाउने ।

३. प्रदेशभित्र हुने भौतिक विकास निर्माणका कार्यलाई जलवायु र वातावरण मैत्री वनाई पर्यावरणीय सन्तुलन कायम राख्ने ।

४. संम्भाव्यताका आधारमा वन तथा जलाधार स्रोतको ब्यावसायिकरण गरी जडीवुटी खेति प्रर्वधन, प्रसोधन र बजारीकरण, काठ तथा अन्यगैह्र काष्ठ वन पैदावारमा आधारीत वन उद्यम प्रबर्धन, पर्या-पर्यटन, जैविक विविधताको सदुपयोग र ब्यवशायीकरण, कृषि वनको प्रवर्धन गर्दे प्रदेशमा रोजगारी सृजना तथा आर्थिक र सामाजिक बिकासमा टेवा पुर्याउने ।

५. वन तथा जलाधार स्रोतको संरक्षण, ब्यवस्थापन र सदुपयोगमा समुदायहरुको सहभागीता सुदृढ गर्दै त्यस्तो श्रोत ब्यवस्थापनमा नविन पद्धतिको अनुसरण रविकास गर्दैशुसाशन प्रवर्धन गर्दै लाने ।

६. वन तथा जलाधार क्षेत्रलाई प्रदेशको समृद्धिको आधार वनाउन आवस्यक नीतिगत, कानूनी र संथागत सुधार गर्दे क्षमता अभिबृद्धि र स्रोत साधन संम्पन्न तुल्याउने ।

## १२. नीतिहरु

### क. वन संरक्षण र ब्यवस्थापन

१२.१ प्रदेश भित्रको मौजुदा वनक्षेत्र कायम राख्दै राष्ट्रिय वन, चरनक्षेत्र र जैविक विविधताको दिगो एवं बैज्ञानिक ब्यवस्थापन गरी रोजगारी सृजना र आय आर्जन वढाउने ।प्रदेशको वन क्षेत्रको भू-स्वामित्व निर्धारण र अध्यावधिक गर्ने गराउने ।

१२.२ प्रदेशको चुरे, तराई, भित्रि मधेस तथा भावर क्षेत्रको वन, भू-तथा जलाधार एबं वातावरणीय संरक्षणमा विशेष जोड दिने । प्रदेशको पहिचान बोकेका पारिस्थितीकिय प्रणाली, सुनाखरी, लालिगुराँश, जडिबुटी क्षेत्र, वन्यजन्तु र तिनका वासस्थान, वनक्षेत्रभित्रका तातोपानीका कुण्ड, चराचुरुङ्गी, रैथाने प्राणी बनस्पती, सुक्ष्म जिवाणुको संरक्षण गरी ब्यवस्थापनको दायरामा ल्याउने ।

१२.३ सार्वजनिक क्षेत्रका वर, पिपलका चौतारा, समी, जामुन, बेल जस्ता वहुउपयोगी र सांस्कृतिक महत्वका रुख विरुवाको संरक्षण र विकास गर्न प्रोत्साहन गर्ने ।

१२.४ प्रदेशको वन अतिक्रमणलाई पाँचवर्ष भित्र नियन्त्रण र ब्यवस्थापन गरि वनक्षेत्रको पुनर्उत्थान गर्ने । वन क्षेत्रमा थप अतिक्रमण हुन नदिने ।

१२.५ संघ र स्थानीय निकायको समन्वयमा सिमसार, ताल तलैयाहरुको एकीकृत र दिगो व्यवस्थापन तथा बहुउपयोग गर्ने । फेवा, रुपा, वेगनास जस्ता महत्वपुर्ण तालहरुको अतिक्रमण हटाई, सिल्टेसन घटाई संरक्षण र व्यवस्थापन गर्दैं जाने । प्रदेश स्थीत हिमताल, नदिनाला, ताल

तलैयाहरुको संरक्षण र वहुउपयोगी व्यवस्थापनका लागि बहुसरोकारवाला प्रादेशिक समन्वय समिति बनाई कार्यान्वयन र नियमन गर्ने ।

१२.६ वनक्षेत्रको भूगोल, ब्यवस्थापनको उद्देश्य र संम्भाब्यता हेरी प्रदेशको वन क्षेत्रलाई उत्पादनमूखी वन, संरक्षणमूखी वन, संरक्षीत क्षेत्र, जडिबुटी क्षेत्र, उत्पादन क्षेत्र, जलाधार क्षेत्र, सिमसार क्षेत्र, भू-संबेदनशिल चुरे शिवालिक क्षेत्र आदिमा बर्गिकरण गरी गुरु योजना तयार गरी वर्गविशेष उपयुक्त वन ब्यवस्थापन पद्धतिको पहिचान गरी ब्यवस्थापन गर्दै जाने।

१२.७ प्रदेश अन्तर्गतका राष्ट्रिय वन, समुदायमा आधारीत वन, चक्ला वन, साझेदारी वनहरुको दिगो एवं बैज्ञानिक ब्यवस्थापन गर्ने / गराउने ।

१२.८ वन व्यवस्थापनमा आधुनिक ज्ञान, सिप र प्रविधिको उच्चतम प्रयोग गर्ने ।

१२.९ मानव वन्यजन्तु द्वन्द न्युन गर्ने उपायहरुको अवलम्वन गर्दै क्षतिपुर्ति एबं राहतको ब्यवस्था गर्ने ।

१२.१० नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना, वातावरण नीति, सिमसार नीति लगायत वातावरणीय नीतिहरुको कार्यान्वयनमा सहजिकरण गर्ने । स्थानीय तहमा जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखिकरण, संग्रह एवं जैविक तथा आनुवांशिक स्रोत उपरको वौद्धिक सम्पतीको सुरक्षा गर्ने, गराउने । प्रदेश भित्र वन, वनस्पति, जैविक विविधता सम्वन्धी प्रादेशिक संग्रहालय, सामुदायिक विउ भण्डार, जिन बैंक, चिडियाखाना स्थापना र संचालन गर्ने, गराउने ।

१२.११ वन तथा वन्यजन्तुको वासस्थानलाई डढेलो, माईकेनिया, वनमारा जस्ता वाह्य मिचाहा प्रजाती, रोगकिरा, फँडानीबाट जोगाउँदै वन्यजन्तुको चोरी शिकार एवं गैरकानूनी व्यापारलाई नियन्त्रण र नियमन गर्ने ।

१२.१२ राष्ट्रिय वनश्रोत संरक्षण गर्दा र वन डढेलो निभाउने क्रममा हुने आकस्मिक घटनाको बिमा, राहत दिने व्यवस्था मिलाउने ।

ख. उत्पादन र बितरण

१२.१३ वन तथा जलाधार क्षेत्रको दीगो ब्यवस्थापन गर्दै वन पैदावारको उत्पादन बढाउने, वातावरणीय सेवाको प्रवाह सुनिश्चीत गर्ने र प्रदेशमा त्यस्ता पैदावार र सेवाको सहज आपूर्ति र समन्यायीक बितरणको ब्यवस्था मिलाउने ।

१२.१४ प्रदेश अन्तरगतका उत्पादनमूलक वनहरुको दिगो एवं वैज्ञानिक व्यवस्थापन गरी वन पैदावारको उत्पादन बृद्धि गर्ने ।

१२.१५ वन पैदावारको उत्पादन बढाउन नीजि वन, कृषि वन, शहरीवन, औद्योगिक वनको बिकास र विस्तार गर्दै नदि उकास जग्गा तथा सडक, नहर, रेल्वे किनारामा वृक्षारोपण गरी हुर्काउन



गण्डकी प्रदेश / उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय

प्रोत्साहन गर्ने । त्यस्ता वनको विकास र विस्तारका लागि प्राविधिक सहयोग र विभिन्न प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

१२.१६ वन पैदावारको उत्पादन र गुणस्तर वृद्धि गर्न वन संवर्धन पद्धतिको विकास, प्राकृतिक र वृक्षारोपण वनको व्यवस्थापन, वन बिउ स्रोत केन्द्र स्थापना र ब्यवस्थापन, गुणस्तरिय बिरुवा उत्पादन र बितरण, आर्थिक महत्वका रुख विरुवाको प्रवर्धन जस्ता विषयको अनुसन्धान तथा प्रविधि विकासमा जोड दिने।

१२.१७ वन पैदावारको मूल्य अभिवृद्धि सम्वन्धि कार्य गर्न नीजि क्षेत्रको भूमिका प्रष्ट गरी नीजि क्षेत्रवाट हुने लगानी वढाउन उपयुक्त वातावरणको सृजना गर्ने ।

१२.१८ प्रदेशमा काठ दाउरा संकलन, उत्पादनको विविधिकरण र बिक्रि वितरण कार्यलाई दिगो, पारदर्शी एवं विश्वासनिय वनाई एकद्धार पद्धतिबाट सर्वसाधारण र बिकास निर्माणका लागी सरल र सहज रुपमा वन पैदावार उपलब्ध गराउन प्रदेश वन निगमको स्थापना एवं सञ्चालन गरी वन पैदावारको वितरणलाई व्यवस्थित गर्दै जाने । वन पैदावारको प्रभावकारी वितरणका लागि वन निगम र नीजि क्षेत्रवीच सहकार्य गर्न आवश्यक विधि र प्रक्रिया तय गर्ने ।

१२.१९ निर्माण योग्य प्रजातीका काठको गुणस्तर र आयु वढाउन सिजनिङ र उपचार गरी बिक्रीगर्ने ब्यवस्था मिलाउने साथै बजार मूल्यमा स्थिरता ल्याउन काठ दाउराको अधिकतम बिक्रि मूल्य तोक्ने ।

१२.२० वन संरक्षण, व्यवस्थापन, सदुपयोग र व्यवसायिकरणका लागि सरोकारवाला र सर्वसाधारणका लागि आवश्यक वनस्रोत सूचना प्रणालीको विकास गरी सार्वजनिक गर्ने ब्यवस्था मिलाउने ।

१२.२१ काठ दाउराको कटान, संकलन, ओसारपसार र विक्रिवितरणलाई प्रविधियुक्त र व्यावसायिक बनाई पारदर्शी तुल्याउन सरोकारवालाहरु समेतको समन्वयमा सरल कार्यविधी बनाई लागु गर्ने । काठ दाउरा वा अन्य वन पैदावारको उचित भण्डारण र सुरक्षाको व्यवस्था गरी सड्न गल्न वा गुणस्तर ऱ्हास हुनबाट बचाउने ।

<u>ग. वातावरणीय सन्तुलन</u>

१२.२२ स्वच्छ पिउने पानी, वातावरणीय सेवाको प्रवाह र जलीय स्वच्छताको सुनिश्चितता गर्न एबं भू-क्षय न्यूनिकरण गरी कृषि उत्पादन बढाउनका लागी प्रदेशका महत्वपुर्ण र संबेदनसिल जलाधार क्षेत्रको पहिचान गरी एकिकृत ब्यवस्थापन गर्दै जाने ।प्रदेशस्थित पानीका स्रोतहरु र जलाधारको संरक्षण र व्यवस्थापन गरी स्वच्छ पिउने पानी, कृषि, सिंचाई, जलविद्युतका लागी आवस्यक पानी निरन्तर उपलब्ध गराउनमा टेवा पुऱ्याउने ।

गण्डकी प्रदेश / उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

१२.२३ प्रदेश भित्रको भू-स्खलनको परिमाणलाई न्यूनीकरण गरी भू-उत्पादकत्व अभिबृद्धिका साथै विकासका पूर्वाधारहरुको संरक्षण गर्न टेवा पुऱ्याउने ।

१२.२४ चुरे भावर लगायत भौगोलिक हिसाबले संवेदनसील क्षेत्रहरुमा माटो, पानी, वन, कृषि स्रोतहरुको दिगो संरक्षण हुने गरी एकिकृत र समन्वयात्मक विकास गर्ने । संरक्षण खेति, पानी संन्चितिकरण, बायो ईन्जीनियरीङ जस्ता प्रविधिको बिकास र बिस्तार गर्न्ने ।

१२.२५ प्राकृतिक श्रोतहरुको अत्यधिक दोहनको न्यूनीकरण गरी वातावरण संरक्षण गर्न ढुंगा, गिटी, वालुवा जस्ता नदी जन्य पदार्थहरुको उत्पादन र प्रयोगको मापदण्ड वनाई नियमन गर्ने । साथै संम्भाव्यता हेरी नदी तथा खोलाजन्य उत्खनन् र संकलनलाई क्रमशः खानिजन्य ब्यवसायमा रुपान्तरण गर्दै लाने।

१२.२६ भौतिक पुर्वाधार निमार्ण गर्नु पुर्व सामाजिक, वातावरणिय अध्ययन गरी भू-क्षय नहुने सुनिश्चितता गरी जलवायु र वातावरण मैत्री पद्धतिको अवलम्वन गर्ने ।वनक्षेत्र तथा महत्वपूर्ण जलाधारक्षेत्र, सिमसार, संरक्षित क्षेत्र भएर जाने सडक, नहर जलविधुत लगायतका सवै भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणीय अध्ययनलाई अनिवार्य गर्ने । विना योजना र वातावरणीय अध्ययन डोजर लगाई भू-क्षय हुने गरी खनजोत गर्न पाईने छैन ।

१२.२७ जलाधार संरक्षणमा तल्लो तटिय र उपल्लो तटिय क्षेत्रको सेवाग्राहीको अन्तर सम्वन्ध कायम राख्दै बेसिन अवधारणको नमुना कार्यक्रम संचालनमा ल्याउने । परिस्थितीकीय सेवाको भूक्तानी सम्बन्धि प्रणालीको विकास गरि त्यस्तो सेवा प्राप्त गरे बापत लाग्ने शुल्कको निश्चित अंश स्रोत ब्यवस्थापनमा अनिवार्य खर्च गर्ने ब्यवस्था मिलाउने ।

१२.२८ जलवायु परिवर्तनका नकारात्मक असर न्यूनिकरण गर्ने उपायको अवलम्वन गर्दै पारीस्थीतिक प्रणाली र समुदायको समानुकुलन क्षमता बढाउदै विपद् जोखिम न्यूनिकरण गर्ने । बाढी, पहिरो, डुवान, नदी कटान, डढेलो जस्ता प्राकृतिक प्रकोप न्यूनिकरण गरी जन धनको सुरक्षा गर्न सक्रिय रहने ।

१२.२९ वन क्षेत्रबाट उत्सर्जन हुने कार्वनको मात्रा घटाउन वन डढेलो, फँडानी, क्षयिकरण नियन्त्रणका उपायहरु अवलम्बन गर्दे कार्वन सञ्चितिकरण बढाउन दिगो व्यवस्थापन गर्ने । कार्वन व्यापार प्रवर्धन गर्न राष्ट्रिय रेड रणनीतिको कार्यान्वयनमा संघसँग सहकार्य गर्ने ।

घ. वन पैदावार र सेवाको व्यवसायिकरण

१२.३० वनक्षेत्रलाई उत्पादन मुलक वनाई समृद्धि हासिल गर्न वन पैदावारमा आधारीत प्लाईउड, फर्निचर, बोडर, झ्याल, ढोका तयार गर्नेजस्ता काष्ठ उद्योग एवं खोटो, अलैंची, जडिबुटी प्रशोधन जस्ता गैर काष्ठ उद्योग वा आन्तरिक खपत बढाउने, आयात प्रतिस्थापन वा निर्यात प्रवर्धन गर्ने खालको उद्योग प्रवर्धन गर्न उद्यममैत्री कानुन, मापदण्ड, कार्यबिधि तयार गरी कार्यान्वयन गर्ने ।

१२.३१ प्रदेशभित्रका उच्च मुल्यका रुखविरुवा, जडिबुटिको पहिचान, खेती प्रविधि बिकास, विस्तार, प्रशोधन र बजारीकरण गर्ने । वन क्षेत्रबाट संकलन गरिने जडिबुटी तथा गैर काष्ठ वन पैदावारहरुको दिगो एवं सरल संकलन, भण्डारण तथा प्रारम्भिक प्रशोधन विधि तयार गरी सरोकारवालाको सिप विकास, प्रशिक्षण गर्ने गराउने । सो कार्यको अनुगमनको व्यवस्था अनिवार्य गर्ने ।

१२.३२ प्रदेश भित्र उपलब्ध हुने जडिवुटी तथा गैह्रकाष्ठ वन पैदावारको आर्थिक महत्वका आधारमा प्रदेश भित्र कम्तिमा एक तहको प्रशोधन गरेर मुल्य अभिवृद्धि गरेर निकासी हुने व्यवस्था मिलाउने ।

१२.३३ संघको समन्वयमा मूल्यवान वन्यजन्तुहरुको पालन, प्रजनन र ब्यवसायीकरण गर्न प्रोत्साहन गर्ने ।

१२.३४ खेति योग्य बाँझो खेतवारी तथा सामुदायीक वा कबुलियति वनमा आयमुलक कृषि वन बाली प्रर्वधन गर्न प्रोत्साहन गर्ने । व्यवस्थित वनबाट उपलब्ध हुने वा व्यवसायिक उत्पादन गर्ने तामा, टुसा, कुरिलो, न्युरो, काफल, कटुस, ओखर, तरुल जस्ता वनजन्य तरकारी, फलफुल, कन्दमुलहरुको पहिचान, अनुसन्धान, प्रवर्धन र व्यावसाकिरण गर्न प्रोत्साहन गर्ने ।

१२.३५ नेपाल सरकारको समन्वयमा कृषि-वन, वन उद्यम, जडिवुटी खेति, पर्यापर्यटन वा ब्यवसायीक वन पैदावार उत्पादन गर्न चाहने संघ, सस्था, समूह, सहकारी वा ब्यवसायीलाई निश्चित मापदण्ड वनाई पारदर्शी र प्रतिस्पर्धात्मक प्रकृया अबलम्वन गरी निश्चित अवधिका लागि कबुलियत गरी हैसियत विग्रेको अतिक्रमित वा नाङ्गो वन क्षेत्रको जग्गा उपलब्ध गराउन सकिने ब्यवस्था मिलाउने।

१२.३६ प्रचलित संघिय कानूनले प्रतिवन्ध लागे बाहेकका वनस्पती र वन्यजन्तुको खेती, ब्यवसायीक पालन र उद्योग गर्ने नीति लिईनेछ । उच्च मूल्यका जडिवुटी तथा लप्सी, रुद्राक्ष, बोधिचित्त, तेजपात, बेतवाँस जस्ता मूल्यवान् रुख बिरुवाको खेति, वन पैदावारमा आधारित उद्यम स्थापना एवं अलैंचि, कफी, फलफूल जस्ता कृषि-वनबालीको उत्पादन, प्रसोधन र बजारीकरण गर्ने कृषक, सहकारी, उद्योग, समुदाय वा ब्यवसायीलाई अनुदान र सुलभ ब्याजदरमा ऋण उपलब्ध गराउने तथा बाली वीमा गर्ने ब्यवस्था मिलाउने ।

१२.३७ वन पैदावारमा आधारित उद्योगहरु स्थापनार्थ बिधमान वन क्षेत्र देखिको दुरी घटाउने वा हटाउने व्यवस्था मिलाउने ।

१२.३८ वन कार्बन ब्यापारलाई प्रोत्साहन गर्न राष्ट्रिय रेड रणनीति अनुरुप फरेष्ट्रि कार्यक्रम संचालन गर्न सहजिकरण गरिनेछ ।

ङ समन्वय, सुशासन र क्षमता अभिवृद्धि

१२.३९ प्रदेशको वन तथा जलाधार व्यवस्थापन र व्यावसायिकरणका लागि प्रदेशका प्रमुख पारिस्थितिकीय प्रणाली, वन, वनस्पति, जडिबुटिका क्षेत्रमा विशेषज्ञता सहितको प्राविधिक जनशक्ति विकास र उपयोप गर्न योजना बनाई लागु गर्ने ।

१२.४० संघ र स्थानिय तहसंग समन्वय र सहकार्य गरी राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा गर्न सकृय रहने एवं अन्तर प्रदेश वन, जलाधार संरक्षण र ब्यवस्थापनमा समन्वय गर्ने ।

१२.४१ प्रदेशभित्र हुने भौतिक विकास निर्माणका कार्यबाट जलवायु र वातावरणलाई जोगाई विकास र वातावरण विच सन्तुलन कायम राख्न आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न अन्तर क्षेत्र तथा निकाय समन्वयका लागि उपयुक्त संरचनाको विकास र उपयोग गर्ने ।

१२.४२ वन तथा जलाधार क्षेत्रको संरक्षण र विकासका लागि जनचेतना अभिबृद्धि, क्षमता विकास, अनुसन्धान, सूचना र सेवा प्रवाहलाई प्रभावकारी, भरपर्दो र विश्वसनिय तूल्याउने ।

१२.४३ समुदायमा आधारीत सबैखाले वनको दिगो र बैज्ञानिक ब्यवस्थापन गर्न समुदायको सवलिकरण, सशक्तिकरण, संगठनात्मक सुदृढीकरण, क्षमता अभिबृद्धि र लाभको समन्यायिक बितरण गर्ने पद्यतिको विकास गर्दै लाने ।

१२.४४ राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धान केन्द्र, संघिय वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्राज्ञीक एवं शैक्षिक संघ संस्थाहरुको सहकार्यमा वन अनुसन्धान, प्रविधि विकास र हस्तान्तरण, प्राबिधिकहरुको दक्षता अभिवृद्धि र सरोकारवालाहरुको सिप बिकास गर्दै लाने।

१२.४५ वन क्षेत्रलाई सुशासनयुक्त, समावेसी, सबल र ब्यवसायिक वनाउदै लाने । वन तथा जलाधार कार्यक्रम संचालन गर्दा महिला, अपांग, विपन्न तथा वनस्रोत सम्पदामा आश्रित समुदाय र परिवारहरुको हितलाई प्राथमिकता दिने ।

१२.४६ वनको दिगो व्यवस्थापन, जलाधारको एकिकृत व्यवस्थापन र शुसासन प्रवर्धन गर्न समुदाय, वन प्राविधिक, उद्यमी, व्यवसायी, वन निगम र जडिबुटी विकास र बजारीकरण संयन्त्र लगायतका निकायहरुको सवलीकरण, क्षमता अभिवृद्धि, संगठानात्मक सुदृढीकरण गर्दै, वन क्षेत्रलाई पारदर्शि समावेशी, प्रतिस्पर्धात्मक र शुसासन युक्त वनाउदै लाने ।

१२.४७ वन व्यवस्थापनमा लैगिक तथा सामाजिक समाबेशिकरणको रणनीतिलाई मूलप्रबाहिकरण गर्ने ।

१२.४८ वन सेवालाई ब्यबसायिक, प्रतिस्पर्धी, मर्यादित र प्रबिधिमैत्री बनाउनको लागि आबस्यक कार्यविधि र मापदण्ड बनाई लागु गर्ने ।

१३. कार्यनीति

यस नीतिको कार्यान्वयनको लागि देहायका कार्यनीतिहरु अवलम्बन गरिनेछ -ः

१३.१ प्रदेश भित्रका समुदायमा आधारीत वनस्रोत सम्पदा, जैविक विविधता, सिमसार, चरनक्षेत्र र जलाधारको संरक्षण र व्यवस्थापनलाई निरन्तरता दिने ।

१३.२ वनक्षेत्र, जलाधारक्षेत्र, सिमसार र जैविक विविधता क्षेत्रको वर्गिकरण र प्राथमिकिकरण गरी कार्ययोजना वनाई दिगो व्यवस्थापनको दायरामा ल्याउने ।

१३.३ प्रदेश भित्रको वन पैदावारको उत्पादनले स्थानीय र प्रदेशको मागलाई प्राथमिकताका साथ पुर्ति गरी बढी हुने वन पैदावार अन्य प्रदेशमा विक्रिवितरण गर्ने ।

१३.४ प्रदेशभित्रका वन डिभिजन, सब डिभीजन हरुलाई वन तथा जलाधारको दिगो एवं वैज्ञानिक व्यवस्थापन, सदुपयोग, उत्पादन विविधिकरण र व्यावसायिकरण सम्बन्धि कार्यमा केन्द्रिकृत गर्ने ।

१३.५ वन सुरक्षा निकायलाई स्रोत, साधन तथा प्रविधि सम्पन्न तुल्याई परिचालन गर्ने ।

१३.६ वन पैदावारको संकलन, विक्री वितरण एकद्वार प्रणाली मार्फत गर्न प्रदेश वन निगम स्थापना गरी संचालनमा ल्याउने ।

१३.८ राष्ट्रिय वन, कवुलियती वन, समुदायद्वारा व्यवस्थित वनको पैदावार सरल र सुलभ मूल्यमा उपलब्ध गराउन संकलन र विक्रिवितरण कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।

१३.९ सहरी वन, नीजिवन, कृषिवन, सडक, नहर खोला किनारामा वृक्षारोपण गरी हरियाली प्रवर्धन गर्दैवन पैदावारको उत्पादन र वातावरणीय सुधार गर्ने । यस्ता कृयाकलापमा उत्प्रेरणा जगाउन कार्यविधि वनाई अनुदान, सुलभ ऋण, वाली विमा, प्रविधि हस्तान्तरणको व्यवस्था मिलाउने ।

१३.१० प्रदेशमा मानव वन्यजन्तु द्वन्द व्यवस्थापन गर्न द्वन्द न्यूनीकरणका वैकल्पिक उपायको खोजी र अवलम्वन गर्ने । वन्यजन्तुले पुर्‍याउने धनजनको क्षति वापत कार्यविधी बनाई राहत उपलब्ध गराउने ।

१३.११ प्रदेश भित्रका संवेदनशिल जलाधार, पानीका स्रोत र सिमसार, तालतलैयाको पहिचान, प्राथमिकिकरण र दिगो व्यवस्थापन गर्ने । सुक्खा क्षेत्रमा पानीकाश्रोतहरुको समुचित व्यवस्थापन गरी उपयोग गर्न एक गाँउ, एक पोखरीको योजना वनाई कार्यान्वयन गर्ने ।

१३.१२ अतिक्रमित वनक्षेत्र खाली गराई पुनः वन कायम गर्ने ।

१३.१३ सहरी क्षेत्रमा उद्यान निर्माण तथा सडक, नदी, नहर, रेल्वे किनारामा बृक्षारोपण गरी हुर्काउने ।

१३.१४ संघीय सरकारले घोषणा गरेको वन दशकको कार्यक्रमलाई निरन्तरता दिने ।

१३.१५ संभाव्यता हेरी संरक्षीत वन, संरक्षण क्षेत्र तथा संकटापन्न, दुर्लभ वनस्पति र वन्यजन्तुको संरक्षण योजना वनाई कार्यान्वयन गर्ने ।

१३.१६ स्थानीय तहहरुले भौतिक निर्माण सुधार गर्दा विना योजना र वातावरणीय अध्ययन कुनै पनि क्षेत्रमा डोजर प्रयोग गरी खनजोत गर्न नपाईने व्यवस्था मिलाउने ।

१३.१७ काठ, पोल, फर्निचर, झ्याल, ढोका, प्यानल वोर्ड जस्ता निर्माण सामाग्रीको तयारी पूर्व सिजनिङ्ग गर्ने, उपचार गर्ने लगायतका वन पैदावारमा आधारित उद्यम स्थापना र संचालन गर्ने, जडिवुटी खेती प्रवर्द्धन र प्रशोधन गर्ने, वन्यजन्तु पालन प्रजनन र उपयोग गर्ने, कृषि-वन विकास गर्ने, उच्च मूल्यका रुख वनस्पतिको खेती गर्नेलाई प्रविधिक सहयोग, वोटविरुवा, यन्त्र उपकरण व्यवस्थापन र सदुपयोगमा अनुदान, सुलभ ऋण र विमाको व्यवस्था गर्ने कार्यविधि वनाई लागु गर्ने ।

१३.१८ प्रदेशमा हुने विकास निर्माणलाई वन, जलाधार , वातावरण र जलवायु परिवर्तन मैत्री वनाई दिगो विकासको लक्ष हासिल गर्न अन्तरनिकाय समन्वय र अनुगमन गर्न वन मन्त्रीको अध्यक्षतामा वन क्षेत्र समन्वय समिति गठन गरी कार्यान्वयन गर्ने।

१३.१९ वन तथा जलाधार क्षेत्र व्यवस्थापन गर्दा जलवायु अनुकुलन हुनेगरी कार्यक्रम संचालन गर्ने । वन  कार्वन संचय र व्यापार बढाउन प्रदेशमा छुट्टै इकाईको व्यवस्था गर्ने ।

१३.२० जडिबुटी खेतीको विस्तार, उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गर्न उपभोक्ता समुह, सहकारी, उद्योगी, व्यवसायी समेतको साझा संयन्त्र निर्माण गरी गर्ने ।

१३.२१ जलाधार क्षेत्रमासम्बन्धित सरोकारवाला निकाय र स्थानीय तह को समन्वयमा कार्यक्रम तर्जुमा, कार्यन्वयन र मूल्यांकन गर्ने उपयुक्त पद्धतिको पहिचान र विकास गरी लागु गर्ने ।

१३.२२ प्रदेश भित्रका साथै देशका अन्य भागमा भएका वन जलाधारको तथ्याँक, अध्ययन, अनुसन्धान, सिकाई, नतिजा आदिलाई सवैको पहुँचमा पुऱ्याउने गरी इन्टरनेटमा आधारित एकीकृत वन जलाधार सूचना प्रणाली निर्माण गर्ने ।

१३.२३ सुचना प्रविधिको प्रयोग गरी वन डढेलो, पहिरो लगायतका जोखिमको पूर्वसूचना दिन सञ्चार क्षेत्र र स्थानीय तह संग सहकार्य गरी प्रभावकारीता बढाउने ।

१३.२४ प्रदेशको वन, जलाधार, जैविक विविधता र वातावरण संरक्षण र विकासमा योगदान पुऱ्याउनेलाई सम्मान र पुरस्कृत गर्ने ।

## १४. नीति कार्यान्वयन

१४.१ नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, निर्देशिका, रणनीति, कार्यक्रम, मार्गदर्शन निर्माण गरिनेछ ।

१४.२ संघ र स्थानीय तह विच आवश्यकता अनुसार सहकार्य र समन्वयको व्यवस्था मिलाईनेछ ।

१४.३ समुदाय र सरोकारवालाहरुको जिम्मेवारी, अधिकार र कर्तव्यलाई सापेक्षित रुपमा सुदृढीकरण गर्दै लगिनेछ ।

१४.४ नीति कार्यान्वयनको प्रभावकारीता लाई मार्गनिर्देश गर्न प्रदेश वन मन्त्रीको संयोजकत्वका समन्वय समिति वनाउन सकिनेछ ।

## १५. आर्थिक पक्ष

१५.१ नीति कार्यान्वयनका लागि आवश्यक वजेटको विनियोजन गरिनेछ ।

१५.२ नीति कार्यान्वयका लागी संघको समन्वयमा अन्य दातृ निकायहरुवाट समेत सहयोग लिन सकिनेछ ।

१५.३ नीति कार्यान्वयनका लागि सम्वन्धित संघ, संस्था, समुदाय र साझेदारहरुको सहयोग परिचालन गर्न सकिनेछ ।

## १६. अनुगमन तथा मूल्याङ्कन

१६.१ नीति कार्यान्वयनको अवस्था र प्रभावकारिताको नियमित अनुगमन र मूल्यांकनको व्यवस्था मिलाइने छ ।

१६.२ प्रत्येक २/२ वर्षमा नीतिको स्वतन्त्र मूल्यांकन गरिनेछ ।

## १७. जोखिम

१७.१ प्रादेशिक ऐन कानून तर्जुमा ढिला भएमा कार्यान्वयनको प्रभावकारितामा जोखिम रहनेछ ।

१७.२ उपयूक्त संस्थागत संरचना, दक्ष जनशक्तिको व्यवस्था र वित्तय स्रोतको व्यवस्था हुन नसकेमा जोखिम रहन सक्दछ ।

## १८. वाधा अड्काउ फुकाउने

कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा वा समस्या उत्पन्न भएमा प्रदेश सरकारले आवश्यक निर्णय लिन सक्नेछ ।

गण्डकी प्रदेश / उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय